# अनुगमन प्रतिवेदन

(दाङ तथा सल्यान)

अनुगमन कर्ता
प्रेमराज खरेल उप सचिव, शिक्षा मन्त्रालय, कार्यक्रम अनुगमन समन्वय शाखा

# दाङ र सल्यान भ्रमणको अनुगमन प्रतिबेदन

## १.पृष्टभुमि

शिक्षा मन्त्रालय अनुगमन शाखा बाट तोकिएको बार्षिक कार्यक्रम अनुसार प्रत्येक बर्ष बिभिन्न जिल्लाहरुको अनुगमन गर्ने कार्ययोजना अनुसार शिक्षा मन्त्रालयमा कार्यरत उप सचिवको नेतृत्वमा समेत अनुगमन टोली गठन गरी जिल्ला अनुगमन सम्बन्धी कार्यहरु हुदै आएको छ । तत्काल सुधार कार्ययोजना कार्यान्वयन सम्बन्धमा यस मन्त्रालयको मिति २०७३।६।१३ को स्वीकृत कार्यक्रम अनुसार नमुनाको रुपमा चार वटा प्रदेशको एक एक वटा जिल्ला पर्ने गरी प्रदेश नं ५ मा परेको दाङ जिल्ला शिक्षा कार्यालयको अनुगमन गर्नु पर्ने र उल्येखित जिल्ला अनुगमनको क्रममा नजिकमा रहेको जिल्ला शिक्षा कार्यालय सल्यान समेत लाई अनुगमन कार्यक्रममा समेटि मिति २०७४।०३।१९ देखि २०७४।०३।२५ सम्म उपर्युक्त जिल्लाहरुको अनुगमन गरिएको थियो । मुख्य रुपमा सम्बन्धित आ.व मा निर्धारण गरिएका कार्यक्रमहरु सम्बन्धित जिल्लाहरुमा तोकिएको कार्य प्रणाली अनुसारका नीति तथा निर्देशन अनुसार संचालन भै रहेका छन छैनन सो को जाँच गर्नुको अतरिक्त देखिएका कमी कम्जोरीहरुको सुधार गर्न को लागि देखा परेका समस्याहरुको बिश्लेषण गरी समाधानका उपायहरु पहिल्याई आवश्यक निर्देशन दिनु अनुगमनको प्रमुख सार्थक्ता रहने भएकोले अनुगमनका क्रममा उक्त पक्षलाई जोड दिई अनुगमन कार्य सम्पन्न गरियो । अनुगमन बाट निर्धारित कार्यप्रक्रिया बमोजिम कार्य भै रहेको छ छैन सो नभएमा आईपरेका समस्याहरु सम्बन्धमा समेत आवश्यक बिचार बिमर्श गरी निर्धारित प्रक्रिया अनुसारको बाटोमा जान समेत मार्गदर्शन हुने हुन्छ । अनुगमनको माध्यम वाट कार्यस्थलमा खटिएका जनशक्तिहरुलाइ कार्यक्रम कार्यान्वयनमा आवश्यक साहयता पुर्याइ निर्धारित कार्यप्रक्रिया अनुसार कार्यान्वयनमा थप टेवा दिनको लागि यो अनुगमन सहायक सिद्ध हुने अनुमान गरी एको थियो । अनुगमनको लागि शिक्षा मन्त्रालय र मातहतका निकायहरु वाट सम्पादन हुने सबै कार्यक्रमहरुको अनुगमन गर्नको लागि निर्मित एकिकृत अनुगमन साधनको आधारमा स्थलगत अनुगमन गरिएको थियो।

## २. अनुगमनको उद्धेश्य

कार्यस्थलमा देखिएका समस्याहरुको समाधान गरी निर्धारित प्रकृया अपनाइ कार्यसम्पादनमा प्रभावकारीता अभिबृद्धि गर्ने यस अनुगमनको प्रमुख उद्धेश्य रहेको छ । सहायक उद्धेश्यहरुको रुपमा निम्नानुसारका उद्धेश्यहरु किटान गरिएका छन ।

- सम्बन्धित जिल्ला शिक्षा कार्यालयको सेवा प्रवाहको अवस्था एकिन गरी सो मा देखिएका कमी कम्जोरीहरुको न्युतिकरण गर्ने ।

- कामकारवाहीको सम्बन्धमा अपनाईएका पारदर्शिताका सयन्त्रको उपयोग स्थितिको पहिचान गरी पारदर्शिता अभिबृद्धिको लागि अपनाउन सकिने सयन्त्रको अझ बढी उपयोग गर्ने परिपाटीको विकासमा जोड दिने ।
- बिभिन्न कार्यक्रम अन्तर्गत रहेको बेरुजु घटाउनको लागि भएका प्रयासहरु सम्बन्धमा आवश्यक बिबरणहरु संकलन गर्नु र बेरुजुलाई सुन्यमा राख्न अपनाउन सकिने उपायहरुको कार्यान्वयनमा जोड दिनु ।
- प्राप्त स्रोत साधनहरुको महत्तम उपयोगको लागि भएका प्रयासहरु सम्बन्धमा यथार्तताको पहिचान गर्ने ।

## ३. अनुगमनको बिधि, प्रक्रिया र अनुगमन गरिएका निकायहरु , अनुगमन टोलीमा सहभागीहरुको नामावली

अनुगमनको क्रममा सम्बन्धित कार्यालयहरुमा स्थलगत भ्रमण गरी कार्यालयका बिभिन्न शाखाहरुका जिम्मेवार पदाधिकारीहरु संग कार्यक्रमको संचालन सम्बन्धमा आवश्यक छलफल गरेर छलफलको आधारमा भएको प्रगति तथा कार्यान्वयनमा आइपरेका समस्याहरु सम्बन्धमा यथार्थ जानकारी हासिल गरिएको थियो । कार्यालयमा रहेको अभिलेख अध्ययन, सेवाग्राहीहरु संगको छलफल, स्टाफ बैठकमा कार्यक्रम सम्बन्धमा छलफल जस्ता बिधिहरु अपनाइएको थियो ।

### अनुगमन गरिएका निकायहरु

- जिल्ला शिक्षा कार्यालय, दाङ, घोराही उप महानगरपालिका, दाङ
- जिल्ला शिक्षा कार्यालय, सल्यान, शारदा नगरपालिका, सल्यान

### अनुगमन टोलीमा शिक्षा मन्त्रालयको तर्फ बाट सहभागीहरुको नामावली

प्रेमराज खरेल उप सचिव कार्यक्रम अनुगमन समन्वय शाखा

## ४. अनुगमनका प्राप्तीहरु

यस अनुगमनको क्रममा २ वटा जिल्ला शिक्षा कार्यालयहरुको अनुगमन गरिएकोले प्रत्येक जिल्ला शिक्षा कार्यालयहरुमा देखिएको अबस्था निम्नानुसार छुट्टाछुट्टै प्रस्तुत गरिएको छ ।

### जिल्ला शिक्षा कार्यालय दाङ, घोराही

- नागरीक बडापत्र लगायत सूचना अधिकारीको ब्यबस्था साथै साहयता कक्षको समेत ब्यबस्था गरिएको ।

- उपलब्ध कर्मचारीहरुको कार्य जिम्मेवारी तोकिएको, कार्यालय सरसफाईमा ध्यान दिईएको ।
- मासिक रुपमा स्टाफ बैठक र स्रोतब्यक्ति बि.नि बैठक बसी समस्या समाधान सम्बन्धमा छलफल हुने गरेको ।
- सेवा प्रवाहमा सूचना प्रबिधिको उपयोग भइरहेको, शिक्षकको बिबरणहरुलाई अद्यावधिक गरी राख्न रेकर्ड ब्यबस्थापन लाई जोड दिईएको ।
- एकिकृत तथ्याङ्क प्रणालीको उपयोग गरिएको ।
- भौतिक निर्माण सम्बन्धी कार्य क्रम आवश्यकताको पहिचान र सक्षमताको आधारमा जिल्ला बैठकको निर्णयको आधारमा बितरण गरिएको ।
- बेरुजु फछ्र्यौटलाइ प्राथमिक्ता दिइएको ।
- कार्यक्रममा एकरुपता कायम गर्नको लागि शैक्षिक क्यालेण्डर २०७४ तयार गरी प्रत्येक महिनामा सञ्चालन हुने जिल्ला शिक्षा कार्यालयका कार्यक्रमहरु र बिद्यालयका कार्यक्रमहरु क्यालेण्डरमा समावेश गरी क्यालेण्डर अनुसारका गतिबिधिहरु बिद्यालयमा सञ्चालन गर्न जोड दिईएको ।
- शैक्षिक बुलेटिन २०७३/०७४ प्रकाशन गरी जिल्ला शिक्षा कार्यालयका बिबरणहरु जनसमक्ष ल्याउन आवश्यक प्रयत्न गरेको ।
- बालबिकास केन्द्रहरुको अनुगमनमा जोड दिईएको साथै कम बालबालिका रहेका तथा प्रभावकारी रुपमा चल्न नसकेका बालबिकास केन्द्रहरुलाई एक आपसमा गाभ्ने तथा प्रर्याप्त बालबालिकालाई सेवा पुर्याकउन सकिने स्थानमा स्थान्तरण गर्नमा जोड दिईएको ।

**जिल्ला शिक्षा कार्यालय सल्यान, शारदा नगरपालिका**

- नागरिक बडापत्रको ब्यबस्था गरिएको साथै कार्यालय प्रबेशस्थलमा साक्षरता लगायतका शैक्षिक बिकासका बिभिन्न गतिबिधिहरु सञ्चालनको लागि प्रतिबद्धता जनाएको फ्लेसबोर्ड प्रदर्शन गरिएको।
- बार्षिक कार्ययोजना तयार गरी सो बमोजिम कार्यक्रमहरु सञ्चालन भइरहेको ।
- कार्यालयको सूचना अधिकारी तोकिएको ।
- एकिकृत तथ्याङ्क प्रणालीको उपयोग गरिएको ।
- सेवा प्रवाहमा सूचना प्रबिधिको उपयोग भइरहेको, शिक्षकको बिबरणहरुलाई अद्यावधिक गरी राख्न जोड दिईएको ।
- भौतिक निर्माण सम्बन्धी कार्य क्रम आवश्यकताको पहिचान र सक्षमताको आधारमा जिल्ला बैठकको निर्णयको आधारमा बितरण गरिएको ।
- बेरुजु फछ्र्यौटलाइ प्राथमिक्ता दिइएको ।

- कार्यक्रममा एकरुपता कायम गर्नको लागि शैक्षिक क्यालेण्डर २०७४ तयार गरी प्रत्येक महिनामा सञ्चालन हुने जिल्ला शिक्षा कार्यालयका कार्यक्रमहरु र बिद्यालयका कार्यक्रमहरु क्यालेण्डरमा समावेश गरी क्यालेण्डर अनुसारका गतिबिधिहरु बिद्यालयमा सञ्चालन गर्न जोड दिईएको ।
- क्यालेण्डरमा जिल्ला शिक्षा कार्यालयको कर्मचारी दरबन्दी लगायत जिल्ला शिक्षा कार्यालयका निर्देशनहरु समेत समावेश गरिएका ।
- आ व २०७४।०७५ देखि २०७६।०७७ को लागि जिल्ला शिक्षा योजनाको निर्माण गरिएको साथै कार्यक्रम कार्यान्वयन योजना तथा अनुगमन योजना समेत निर्माण गरी योजनाबद्ध किसिमवाट कार्यक्रमहरु सञ्चालनमा जोड दिईएको ।

## सवल पक्षरु, राम्रा अभ्यासहरु

- २ वटै जिल्ला शिक्षा कार्यालयहरुले जनसमुदायको सहभागितामा कार्यक्रमहरु सञ्चालन गर्न जोड दिएको अनुमान गर्न सकिन्छ । जसको फलस्वरुप कार्यालयबाट भएका बिभिन्न निर्णयहरु कार्यान्वयनमा गएका छन ।
- २ वटै जिल्ला शिक्षा कार्यालयहरु ले कार्यालयमा प्रभावकारी सेवा प्रवाहको लागि सेवाग्राही हरुको माग तथा सुधारको लागि दिईएको पृष्टपोषणलाई मध्यनजरगरी सेवा प्रबाहका उपयुक्त तरीकाहरुको उपयोग गरिएको ।
- २ वटै जिल्ला शिक्षा कार्यालयहरुले स्थानीय परिवेश अनुसारका शैक्षिक गुणस्तर अभिबृद्धि सम्बन्धित आफ्नै पहलमा कार्यक्रमहरु सञ्चालन गर्ने गरेका ।
- २ वटै जिल्ला शिक्षा कार्यालयहरुले शैक्षिक क्यालेण्डर प्रकाशन गरी शैक्षिक कार्यक्रम सञ्चालनमा जिल्लाभरी नै एकरुपता कायम गर्नमा सक्रिय भुमिका खेलेको ।
- जिल्ला शिक्षा कार्यालय सल्यानले जिल्ला शिक्षा योजना निर्माण गरि कार्यान्वयनमा ल्याएको साथै कार्यान्वयन योजना र अनुगमन योजना समेत निर्माण गरी योजनाबद्ध किसिमले कार्यक्रमहरु सञ्चालनमा जोड दिएको ।

## सुधारात्मक पक्षहरु कमी कम्जोरीहरु

कार्यक्रम कार्यान्वयनको पक्षमा अनुगमन गरिएका २ वटै जिल्लाहरुमा प्रभावकारी किसिम वाट कार्यक्रमहरु कार्यान्वयनमा थप सुधारहरु आवश्यक रहेका छन । एउटै भौगोलिक एकाई साथै सामाजिक सास्कृतिक दृष्टिकोण बाट समेत समानता देखिएका उल्येखित जिल्लाहरुका सुधारात्मक पक्षहरु तथा कमी कम्जोरीहरुलाइ निम्न बमोजिम एकमुष्ट रुपमा प्रस्तुत गरिएको छ ।

- २ वटै जिल्ला शिक्षा कार्यालयहरु मा बालबिकास केन्द्रहरुको बितरण आवश्यकताको आधारमा हुन नसकेको अबस्था रहेको ।
- २ वटै जिल्ला साक्षर जिल्ला घोषणा भई सकेका , भएको साक्षरता टिकाउन थप कार्यक्रमहरुको कमी रहेको ।
- २ वटै जिल्ला शिक्षा कार्यालयहरुमा बेरुजुको परिमाण बढी देखिएको, साथै सो को फर्छ्यौट सम्बन्धमा बिबिध कारणबस अन्यौलता रहेको ।
- २ वटै जिल्लाहरुमा आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान हुन नसकेको ।
- २ वटै जिल्लाहरुमा प्रभाबकारी शैक्षिक सूचना ब्यबस्थापन प्रणाली अझै स्थापित हुन नसकेको ।

## ५. अनुगमनको क्रममा सम्बन्धित क्षेत्रमा नै सुधारको लागि दिइएका सुझावहरु

### जिल्ला शिक्षा कार्यालय, दाङ

- बिद्यालयहरुमा दरबन्दी मिलान नहुदा आवश्यक स्थानमा जनशक्तिको परिचालन प्रभावकारीतामा न्युनता देखिएकोले सबै सरोकारवालाहरुको समन्वयमा दरबन्दी मिलान गरिनु आवश्यक देखिएको ।
- कार्यक्रम कार्यान्वयन योजना अनुसार जिल्लामा सञ्चालन हुने कार्यक्रमहरु सञ्चालन गरिदा कार्यक्रमहरुमा प्रभावकारीता अभिबृद्धि हुने साथै जिल्लाको शैक्षिक गुणस्तर अभिबृद्धिमा समेत टेवा पुग्ने भएकोले योजना निर्माण गरी सो को प्रबोधिकरण गरी जिम्मेवार पदाधिकारीको कार्यकक्षमा समेत प्रदर्शन गर्नु पर्ने आवश्यकता देखिएकोले सो बमोजिम गर्नु पर्ने ।
- लेखा शाखामा काम गर्ने जनशक्तिको अभाव देखिएकोले जनशक्ति आपुर्तिमा आवश्यक पहल गर्नु पर्ने ।
- कार्यालयको भवन पुरानो भई पानी चुहिने अबस्थामा रहेकोले मर्मत सम्भार गर्नु पर्ने अवस्थामा रहेको ।
- बिद्यालयमा कार्यरत शिक्षकहरुको अभिलेखलाई ब्यबस्थित तथा अद्यावधिक गराउन आवश्यक देखिएकोले आवश्यक पहल गरिनु पर्ने ।
- निरीक्षण तथा अनुगमनलाई प्रभावकारी तथा नतिजामुलक बनाउन अझ बढी पहल गरिनु पर्ने आवश्यकता देखिएकोले सो बमोजिम गर्नु पर्ने ।
- जिल्लाको बेरुजु रकम करिव २९ .३३ करोड देखिएकोले कार्यालयको नाममा रहेको बेरुजु फर्छ्यौटमा आवश्यक पहल गरी नियमित हुन सक्ने अबस्थाका बेरुजु नियमित गराई, असुल उपर गर्नु पर्ने बेरुजु असुल उपर गराई बेरुजु घटाउन आवश्यक जोड दिनुपर्ने देखिन्छ ।

**जिल्ला शिक्षा कार्यालय सल्यान**

- बिद्यालयमा सवै विद्यार्थीहरुले सेटमा पाठ्यपुस्तक नपाएको भन्ने गुनासो पाईएकोले आवश्यक पहल गरी पुर्या उने ब्यबस्था गर्ने ।
- कर्मचारी ब्यबस्थापन राम्रो देखिए पनि लेखा तर्फ दरवन्दी भन्दा कम जनशक्ति कार्यरत रहेको अवस्था रहि दैनिक आर्थिक प्रशासन र बेरुजु फर्छ्यौटमा समेत बाधा परेको देखिएकोले उचित ब्यबस्थापनमा पहल गर्नु पर्ने ।
- जिल्लाको बेरुजु रकम करिव ११ .५३ करोड देखिएकोले कार्यालयको नाममा रहेको बेरुजु फर्छ्यौटमा आवश्यक पहल गरी नियमित हुन सक्ने अबस्थाका बेरुजु नियमित गराई, असुल उपर गर्नु पर्ने बेरुजु असुल उपर गराई बेरुजु घटाउन आवश्यक जोड दिनुपर्ने देखिन्छ ।
- बिगतको समय देखिनै यस जिल्लामा शिक्षकहरुको दरवन्दी मिलान हुन नसकेको पाइयो । सबै सरोकारवाला पक्षहरुको समन्वयमा दरबन्दी मिलानमा आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।
- कार्यालयमा कार्यरत कर्मचारीहरुलाई स्पस्ट जिम्मेवारी तोकि कार्यसम्पादन सम्झौता समेत गराउने ब्यबस्थाको लागि आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।
- सेवा प्रवाहमा पारदर्शिता कायम गर्न कार्यालयको तर्फवाट बुलेटिनको प्रकाशन गरी कार्यालयका गतिबिधिहरु सरोकारवालाहरु समक्ष सहज किसिमवाट प्रवाह गर्न आवश्यक पहल गर्ने ।
- नियमित रुपमा स्टाफ बैठक राखी कार्यालयका समस्याहरु सम्बन्धमा आवश्यक छलफल गरी सहभागितात्मक बिधिवाट समस्या समाधानमा आवश्यक पहल गर्ने ।
- फिल्डमा खटिने स्रोतब्यक्ति तथा विद्यालय निरीक्षकहरुलाई प्रत्येक महिनाको फिल्ड कार्यक्रम पेश गर्न लगाई कार्यक्रममा भएका प्रगति तथा देखिएका समस्याहरु सम्बन्धमा बैठकमा छलफल गरी समाधान सम्बन्धमा आवश्यक पहल गर्नु पर्ने ।
- शिक्षक बिबरणहरुलाई तोकिएको अभिलेख पुस्तिकामा अद्यावधिक गराउन जोड दिने ।

## ६. सुझावकार्यान्वयन तरिका तथा जिम्मेवारी

अनुगमनका क्रममा कतिपय सुझावहरु सम्बन्धित क्षेत्रमा नै उपलब्ध गराई सकेको र कार्यान्वयनमा ल्याउनको लागि आवश्यक सल्लाह समेत प्रदान गरएिको छ । कतिपय सुझावहरुको कार्यान्वयन बिभाग स्तर तथा मन्त्रालय स्तर बाट समेत हुनु पर्ने भएकोले समग्र सुधारका लागि दिईएका सुझावहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

| क स | सुझावहरु | कार्यान्वयन गर्ने तरीका | जिम्मेवार निकाय |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | तोकिए अनुसारका संख्यामा कर्मचारीहरु उपलब्ध गराउने । | पदस्थापन भएका कर्मचारीहरुलाई तोकिएको स्थानमा नै काममा सरिक गराउने । | क्षे.शि.नि<br>शिक्षा बिभाग<br>शिक्षा मन्त्रालय |
| २ | बालबिकास कार्यक्रमलाई बिद्यालय संख्या अनुसारको पुग्ने गरी बितरण गर्नु पर्ने । | अनावश्यकलाई एक आपसमा गाभ्ने र नपुग रहेकोमा थप समेत गरी बितरण ब्यबस्था मिलाउने । | जि शि का<br>क्षे.शि.नि<br>शिक्षा बिभाग<br>शिक्षा मन्त्रालय |
| ३ | शिक्षक दरवन्दी मिलान गर्ने । | बिद्यार्थी संख्या र बिषयगत आवश्यकताको आधारमा जिल्ला भित्रैको दरबन्दिहरु नियमित रुपमा मिलान गर्दै जाने र नपुग थप गर्ने । | जि शि का<br>क्षे.शि.नि<br>शिक्षा बिभाग<br>शिक्षा मन्त्रालय |
| ४ | अनुगमनलाई प्रभावकारी बनाउने । | अनुगमन योजना निर्माण गरी योजना अनुसारका अनुगमन गर्ने र देखिएका समस्याहरुको तुरुन्तै समाधान गर्न पहल गर्ने । | जि शि का<br>क्षे.शि.नि<br>शिक्षा बिभाग<br>शिक्षा मन्त्रालय |
| ५ | बेरुजु फर्छ्यौटमा बिशेष जोड दिने । | अधुरा कार्यहरु प्राप्त निर्देशन अनुसार सम्पन्न गर्न र फरफारकमा जोड दिइ फरफारक हुन नसक्नेको रकम असुल उपर गर्ने । | क्षे.शि.नि<br>शिक्षा बिभाग<br>शिक्षा मन्त्रालय<br>जि.शि.का |
| ६ | साक्षरोत्तर कार्यक्रमहरु संचालन | स्थानिय सीप र प्रबिधिको उपयोग हुने किसिमका कार्यक्रमहरुको छनौट गरी निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरेर । | जि शि का<br>अनौपचारीक<br>शिक्षा केन्द्र<br>शिक्षा मन्त्रालय |

## ७. निष्कर्ष

अनुगमनको आधारको रुपमा सशक्त प्रणालीलाई मानिने भएकोले कार्यान्वयन एकाईमा प्रभावकारि कार्य सम्पादनको लागि कार्यसम्पादन ब्यबस्थापन पनि सशक्त हुनु अनिवार्य रहेको छ । कार्य सम्पादनको समुचित ब्यबस्थापन हुन नसकेको अबस्थामा अनुगमन समेत प्रभावहिन हुन जाने भएकोले अनुगमनको माध्यमवाट कार्यसम्पादनमा परिवर्तन आउन सक्नु नै अनुगमनको सार्थक्ता

अभिबृद्धि हुनु हो । अनुगमन गरिएका उपर्युक्त जिल्लाहरु कार्यसम्पादनका आधारमा सक्षम तथा जनसहभागिता उपयुक्त किसिमवाट परिचालन भैआएका हुनाले अनुगमनले कार्यसम्पादन सुधारमा अवश्य पनि टेवा मिल्ने अनुमान गरिएको छ । बर्तमान समयमा बिद्यालय स्तरीय शिक्षाको जिम्मेवारी स्थानिय तहमा गएका कारण आगामी आर्थिक बर्षहरुमा जिल्ला शिक्षा कार्यालयहरुको भुमिका कस्तो रहने साथै कार्यालय रहने नरहने सम्बन्धमा समेत अन्यौलता रहेको परिबेशमा अनुगमन निरन्तर प्रक्रिया रहेको र संरचना फेरबदलमा समेत लक्षित कार्यक्रमहरु समग्र बिद्यालय शिक्षाको गुणस्तर अभिबृद्धिसंग प्रतक्ष सरोकार राख्ने भएकोले कार्यक्रमको निरन्तरताको पक्ष महत्वपूर्ण रहने छ ।

**८. अनुसूची**

१. अनुगमन फारममा टिपोट गरिएका बिस्तृत बिबरणहरु

२. निरीक्षण पुस्तिकाको प्रतिलिपि

३. यस आर्थिक बर्षमा बितरण भएका भौतिक सुधारका कार्यक्रमहरुको निर्णयहरु

४. बेरुजु फर्छ्यौट बिबरण फारम

५. जिल्ला शिक्षा कार्यालय दाङको प्रकाशित बुलेटिन

अनुगमनकर्ता

प्रेमराज खरेल उप सचिव